# समाचार सन्देश

वर्ष १४, अङ्क १२ आई.पी.एस्. लेख रचनाको सँगालो, माघ १८–फागुन ३, २०६४ (फेब्रुअरी १–१५, २००८)

# बाली बमकाण्डका दोषीको मृत्युदण्ड स्थगन

– स्टेफेन दे टारजिन्स्की

मेलबर्न (आई.पी.एस्./एन्.पी.आई.) – सन् २००२ मा इण्डोनेसियाको बालीमा बमविस्फोट गराउने तीन इस्लामी लडाकालाई सुनाइएको मृत्युदण्डको सजाय अधिवक्ताहरूको कठोर मेहनतका कारण कार्यान्वयनमा केही समयका लागि स्थगित भएको छ, तर यो सजाय टर्ने सम्भावना भने देखिएको छैन ।

अमरोजी, अली घुफरोन र इमाम समुद्रालाई २०२ व्यक्तिको हत्या गरेकोमा दोषी ठहर गर्दै मृत्युदण्डको फैसला गरेको हो । सो घटनाको एक वर्षपछि, २००३ मा अदालतले मृत्युदण्डको सजाय सुनाएको थियो। मर्नेमा सामुद्रिक टापुमा बिदा मनाउन आएका ८८ जना अस्ट्रेलियाली थिए । २००६ मा उनीहरूलाई मृत्युदण्डको सजाय दिइने निर्णय अधिवक्ताहरूको कडा मेहनतपछि हाललाई स्थगित भएको हो ।

औपचारिक रूपमा प्राप्त जानकारीअनुसार पछिल्लो पटक गएको २ तारिखका दिन इण्डोनेसियाली सर्वोच्च अदालतले दोषीहरूले सजाय परसार्न माग गर्दै हालेको बिन्तीपत्र खारेज गरिदिएको छ । उनीहरूले राष्ट्रपति सुशीलो बामबाङ्ग युधोयोनोलाई ३० दिनका लागि मृत्युदण्डको सजाय पर सार्न गरेको बिन्तीपत्रको म्याद पनि समाप्त भैसकेको छ । दोषीहरूले मृत्युदण्डको सजाय नै खारेज गरिदिन वा पूर्ण रूपले माफी दिन भने कहिल्यै अनुरोध गरेनन् ।

तर यही फेब्रुअरी महिनाको सुरुमा इण्डोनेसियाको सर्वोच्च अदालतले दोषीका पक्षबाट वकालत गर्ने अधिवक्ताहरूको कुरा सुन्दै दण्ड स्थगन गरेको हो 'कानुनी प्रक्रियाको शुद्धता पहिचान गर्नका लागि सुनुवाइ भयो । यो निकै महत्वपूर्ण फैसला थियो । त्यसलाई एक वाक्यको भनाइ भनेर बेवास्ता गर्नसक्ने अवस्था छैन,' अष्ट्रेलियाको डेकिन विश्वविद्यालयका सहप्राध्यापक तथा इण्डोनेसियाका बारेमा जानिफकार मानिएका दामेन किङ्ग्स बुरीले आईपीएसलाई भने ।

सर्वोच्च अदालतले चार महिनासम्म मृत्युदण्डको कार्यान्वयन गर्न ढिलाइ गरेकोमा मुद्दामाथिको पुनरावलोकन हुनसक्ने अपेक्षा गरिएको थियो । 'स्थगनको अवधि लामो हुन पनि सक्छ, तर म धेरै अपेक्षा गर्नभने सक्तिनँ' किङ्ग्स बुरीले भने ।

किङ्ग्स बुरीको अपेक्षा के छ भने मृत्युदण्डको सजाय मुद्दाको पुनरावेदन पछि कार्यान्वयन गरिन्छ तर इण्डोनेसियाको कानुन र अदालती पद्धति 'जतापनि मोड्न सकिने' रहेकाले मृत्युदण्डको सजाय कसरी कहिले कार्यान्वयन हुन्छ ठोकुवा गरेर भन्न सकिँदैन, उनी टिप्पणी गर्दछन् । यस विषयका विज्ञहरू दुईभागमा विभाजित छन् । बाली बमकाण्डका दोषीलाई मृत्युदण्ड दिइयो भने इस्लामी अतिवादीहरूबाट ठूलो प्रतिक्रिया देखाइने र त्यसको प्रभाव सहन मुलुकलाई अझ बढी असजिलो पर्ने दृष्टिकोण एकथरिको छ । हुनपनि मृत्युदण्डको प्रतिक्षामा रहेका तीन दोषीहरूको विज्ञप्तिले पनि सोही

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

कुराको सङ्केत गर्दछ । 'मृत्युण्डको सजायले कसैको विश्वासका लागि प्रकाशको काम गर्नेछ, आस्थामाथि विश्वास बढाउनेछ भने नास्तिक र धोकेबाजहरूका लागि मृत्युदण्डले नर्कको ढोका खोल्ने छ,' गएको सेप्टेम्बर महिनामा बम आक्रमणकारीहरूद्वारा संयुक्तरूपमा प्रकाशित गरिएको वक्तव्यमा भनिएको छ ।

बाली प्रहरीका पूर्व प्रमुख माङ्कु पास्तिका मृत्युदण्डको सजायविरुद्ध वदलाको भावनाले अर्को आक्रमण गर्ने इस्लामी लडाकाहरूको सोच सफल हुन नसक्ने टिप्पणी गर्दछन् । यद्यपि उनी इस्लामी लडाकाका गतिविधिका कारण इण्डोनेसियाको सीमाक्षेत्र आतङ्कित हुन पुगेको स्वीकार गर्छन् ।

'के हामी आतङ्ककारी गतिविधिको प्रतिरोध गर्नसक्छौं ? हामी बाली भित्र अथवा बाहिर मृत्युदण्डको सजाय दिन तयार छौं ?' २००५ मा सिड्नी अखबारले प्रकाशित गरेको एक अन्तरबार्तामा उनले भनेका थिए ।

बम आक्रमणकारीलाई मृत्युदण्ड दिएर इस्लाम दुनियामा उनीहरूलाई नायक बनाउन सघाउ पुग्छ कि भन्ने आशङ्का उनको छ । उनको जस्तै विचार राख्ने अन्य विश्लेषकहरूको पनि भनाइमा दोषीहरूलाई मृत्युदण्ड नदिइएको अवस्थामा मुलुकले कम नोक्सान बहन गर्नुपर्ने हुनसक्छ भने उनीहरूलाई सो सजाय दिएपछि थप बमबारी हुनसक्ने सम्भावना पनि छ ।

एकथरि सर्वसाधारण मृत्युदण्डको विरोधमा अहिंसात्मक प्रदर्शनको मात्र सम्भावना देख्छन् तर जमाह इस्लामिया नामको संगठन विगत केही वर्षदेखि निकै कमजोर रहेको र आक्रमण गर्ने क्षमता घटेकाले यसले मृत्युदण्डको जवाफमा ठूलो प्रदर्शन गर्न सक्तैन भन्ने टिप्पणी उनको रहेको छ ।

मृत्युदण्डको प्रतीक्षामा रहेका दोषीहरू जमाह इस्लामियाका सदस्य हुन् यो संगठन अलकायदासँग पनि आबद्ध रहेको सुनुवाइका क्रममा खुलासा भएको छ । इण्डोनेसिया र फिलिपिन्समा शृङ्खलाबद्ध रूपमा भएका बम आक्रमणमा अलकायदाकै हात रहेको विश्वास गरिन्छ । इण्डोनेसियालाई जमाह इस्लामिया दक्षिण-पूर्वी एशियाको इस्लामिक राज्य बनाउन चाहन्छ । इण्डोनेसियाका अतिरिक्त सिङ्गापुर, मलेसिया, फिलिपिन्स र थाइल्याण्डको दक्षिणी क्षेत्रमा इस्लामी शासन-प्रशासन कायम गर्नु जेमाह इस्लामियाको उद्देश्य हो ।

इन्टरनेशनल क्राइसिस ग्रुपका एशियाली कार्यक्रमका बरिष्ठ सल्लाहकार सिड्नी जोन्स मृत्युदण्डको आक्रोशमा हिंसात्मक प्रदर्शन हुनसक्ने कुरामा आशङ्का प्रकट गर्छिन् । तर उनलाई मृत्युदण्डको सजाय कार्यान्वयन गरेकै कारण योजनाबद्ध हिंसा बृद्धिहुन्छ भन्ने कुरामा भने विश्वास छैन ।

'विशाल प्रदर्शन हुनसक्छ अथवा उनीहरूका समर्थकले गृहनगरमा ठूलो प्रदर्शन गर्नसक्छन् । खासगरी उनीहरूको शरीर समाधिस्थ गर्ने बेलामा प्रदर्शनी हुनसक्छ,' जोन्सले आईपीएसलाई भनिन् ।

'मृत्युदण्डको प्रतिरोधमा इण्डोनेसियाली सरकार, प्रहरीमाथि आतङ्ककारी कारबाही हुने कुरामा आशङ्का गरेर अहिले नै खुट्टा कमाउनु पर्छजस्तो मलाई चाहिं लाग्दैन,' उनले भनिन् ।

उनले अगाडि प्रष्ट पारिन्, जेमाह इस्लामियाभित्र अहिले सबल संगठन छैन भन्ने जानकारीमा आएको छ । जेमाह इस्लामियाका नेता अबुदु जानाह २००७ मा पक्राउ परेपछि संगठनको ढाड भाँचिएको छ । मध्य सुलाबेजीको कोषोमा गरिएको प्रहरी कारबाहीमा जेमाह इस्लामियाको ठूलो नोक्सान हुन पुग्यो । अहिलेको समय जेमाह इस्लामियाको पक्षमा नरहेको उनको विश्लेषण छ ।

अमेरिकास्थित विचारक जेम्स टाउन प्रतिष्ठानका दक्षिण-पूर्वी एशियाका विश्लेषक नुर हुदा इस्माइलका अनुसार अबुदु जानासहित उनका सहायकहरूको गिरतारीपछि जेमाह इस्लामियाको सम्पूर्ण सञ्जालमा बलियो मुक्का प्रहार हुन पुगेको छ । तर पनि जेमाह इस्लामिया चुनौतीको शक्ति भने हो । बाली बमकाण्डका दोषीलाई मृत्युदण्ड दिएपछि त्यसको प्रतिक्रिया अवश्य देखापर्छ । त्यस विषयमा समयमै सावधान रहनु आवश्यक छ ।

'गएको सात वर्षको अनुभवले जेमाह इस्लामिया गुप्त र व्यापक रूपमा तन्किएको शक्ति हो भन्ने तथ्य प्रमाणित हुन आउँछ । बाहिर पनि विस्तार भएको संगठनले विभिन्न रूपबाट आक्रमण गर्नसक्ने सम्भावना रहन्छ । यसले सरकारलाई हल्लाउनसक्छ,' इजमाइलले गत वर्ष आतङ्कवादमा केन्द्रित रहेर प्रतिष्ठानको पत्रिकामा लेखेको एक लेखमा भनेका छन् ।

'जेमाह इस्लामियाका कार्यकर्ताहरू निरन्तर रूपमा पक्राउ परिरहेको सन्दर्भमा प्रहरीले अनुमान गरेभन्दा ठूलो परिमाणमा उनीहरूको सङ्ख्या रहेको प्रष्ट हुन्छ । यद्यपि आतङ्ककारीको सङ्ख्या सानै भएपनि इण्डोनेसियाजस्तै अन्य मुलुकहरू पनि आक्रमणको शिकार भैरहेका छन् भन्ने यथार्थलाई पनि बिर्सन सकिन्न,' उनले सचेत गराए ।

# अफ्गानिस्तानका महिला यौनहिंसाविरुद्ध बोल्न थाले

– ताहिर कादिरी

मजारे सरिफ (**आई.पी.एस्./एन्.पी.आई.**) – महिलाहरू आनै घर-परिवारबाट यौनहिंसा भोगिरहेका छन् । पीडितहरू भन्छन्- प्रतिकूल वातावरणका कारण यो स्थिति सार्वजनिक हुन सक्तैन र मात्र हो, यथार्थमा यौनहिंसाले महामारीको रूप लिइसकेको छ ।

केही महिलाहरू यौनहिंसाबाट कठिनाइपूर्ण तरिकाले बच्न पनि सकेका छन् । तर परिवारभित्रका निकट सम्बन्धीहरूबाटै हुने यौनहिंसा बाहिर ल्याउन भने उनीहरूलाई भयानक समस्या हुनसक्छ ।

महिलाका लागि राष्ट्रसंघीय निकाय युनिफेमले हालै गरेको एक सर्वेक्षणअनुसार अफगानिस्तानमा महिलाविरुद्ध हुने हिंसाका १ हजार ३ सय २७ घटनामा ३०.७ प्रतिशत शारीरिक हिंसा रहेका छन् भने ३०.१ प्रतिशत मनोवैज्ञानिक हिंसा, २५.२ प्रतिशत यौनहिंसा र १४ प्रतिशत भने उपर्युक्त तीनै प्रकारका हिंसा रहेका छन् ।

सर्वेक्षणअनुसार यी हिंसाहरू अधिकांशत: अरु कसैले नगरेर परिवार भित्रकै सदस्यले गरेका छन् । जम्मा हिंसामा ८२ प्रतिशत हिंसा पारिवारिक सदस्यबाटै भएको देखिएको छ भने ९ प्रतिशत समुदायका सदस्य र १.७ प्रतिशत सरकारबाट भएको देखिन्छ । अफगानिस्तान स्वतन्त्र मानवअधिकार आयोग (एआइएचआरसी) को २००६ को अभिलेखअनुसार १ हजार १ सय ९९ घटना यौन तथा लैङ्गिकतासँग सम्बन्धित हिंसा रहेका छन् ।

काजि साइद मुहमद सामी एआइएचआरसीका प्रमुख, जसले अफगानिस्तानको ९ उत्तरी प्रान्तहरूको निगरानी गर्छन्, भन्छन् 'हालैमात्र हामीले यौन हिंसाका दुई घटनाहरू पाएका छौं जो निकै मार्मिक रहेका छन्' ।

पहिलो घटना सारेपोल प्रान्तको हो । त्यहाँ हजुरबाले नातिनीलाई यौन शोषण गरेको पाइयो । सामीले जनाएअनुसार एआइएचआरसीले यौनहिंसाको जानकारी पाएपछि सम्बन्धित अधिकारीहरूलाई उजुरी गऱ्यो र अभियुक्त हजुरबाउ थुनामा पऱ्यो । 'उसलाई जुन सजाय हुनुपर्थ्यो त्यो भएन,' उनले थपे ।

दोस्रो घटना २१ वर्षीया बाल्खको देहदादी जिल्लाको हो । मजारे सरिफ सदरमुकामबाट १५ किलोमिटर टाढाको यस घटनामा बाबुले छोरीलाई बलात्कार गरेको पाइएको छ । 'दोषी थुनामा छ र छानबिन चलिरहेको छ । तर पनि म के भन्छुभने यस्ता आङ सिरिङ्ग बनाउने घटनाहरू उत्तरी अफगानिस्तानमा कताकति मात्र देखिन्छन्,' सामीले भने ।

आईपीएसले आनै बाबुको कर्कुत बाहिर ल्याउन उद्दत सोगोफालाई भेटेको छ । सोगोफाका बाबु इस्लाम धर्मका पुजारी मुल्लाह हुन् । इस्लाम कानुन सारियाअनुसार यौन दुराचार गर्ने व्यक्तिमाथि कठोर सजाय हुने गर्दछ ।

'मेरो बाबु मुल्लाह भएकाले उनको अपराधबारे मैले जसलाई बताए पनि उनीहरूले मैमाथि शङ्काको दृष्टिले हेर्ने गदर्थे । मैले नै झुठो बोलें भनेर सोच्ने गर्दथे । यस

तो अपराध एक मुल्लाहले कसरी गर्नसक्छ भनेर मलाई नै प्रश्न गर्दथे ।

सोगोफा तीन दिदी-बहिनीमध्ये एक हुन्, उनका बाबु जहिले पनि हिंसक रूपमा प्रस्तुत हुने गर्दथे । उनले आनी श्रीमतीलाई र छोरीहरूलाई हातपात गर्नु र निकृष्ट वचन बोल्नु सामान्य थियो । उनी श्रीमतीले छोरा पाएको हेर्न चाहन्थे तर छोरी छोरीमात्र जन्मिरहेका थिए । उनले श्रीमतीलाई दबाब दिएर मलाई अर्की केटी खोजि दे, मलाई छोरो चाहिन्छ भनेर दबाब दिए । 'बाबुले मेरी आमालाई बारम्बार सताइरहे । आमासँग कुनै विकल्प थिएन । आखिरमा उनले मेरा बाबुका लागि एउटी केटीलाई प्रस्ताव गरिन् । बाबुको दोस्रो विवाह भयो,' उनले भनिन् ।

सो विवाह भएको दुईवर्षपछि बाबुले आनै छोरी सोगोफासँग यौनसम्बन्धका लागि दबाब दिनथाले । 'मेरो बाबु मलाई चुम्बन र अङ्कमाल गर्दथे । मलाई लाग्दथ्यो यो बाबुले छोरीलाई गर्ने माया हो तर होइन रहेछ,' उनले भनिन् ।

सोगोफाको विवाह भयो तर पनि उनले छोरीलाई दुर्व्यवहार गर्न छोडेनन् । छोरी सन्तान जन्माएर आमा बनिसकेपछि पनि बाबुको दुर्व्यवहारबाट बच्न सकिनन् ।

तन्नेरी सोफायाले भनिन्, 'अति भएपछि मैले बाबुको कर्तुत आफ्ना श्रीमान् लाई सुनाएँ । बाबु जहिले पनि मसँग सहवास गर्न दबाब दिन्छन् भनें । मेरा श्रीमान् नेहमातले मलाई लुकाएर टेपरेकर्डर बोक्न र बाबुको कर्तुत सार्वजनिक गर्न सिकाए । मैले त्यसै गरें ।'

'मेरो बाबुले मलाई घरको माथिल्लो तलामा बोलाए, म त्यहाँ गएँ । उनी मसँग टाँसिन आइपुगें । त्यहाँ दुइटा बन्दुक राखिएका थिए । उनले दुवै हातमा बन्दुक उठाएर मेरो कन्चटमा ताके । कराइस् भने मार्दिन्छु भनेर धम्की दिए,' उनले रुग्ण अनुहार बनाएर सम्झना गरिन्- बाबुले मलाई बलात्कार गरे । काम सकेर उनी बजारतिर गए र 'मेरो इच्छा पूरा भएको छैन, म फेरि आउँछु । तयार भएर बस्नू' भनेर चेतावनी पनि दिए ।

बाबुको यो सबै बोली टेप भैरहेको थियो । उनले आना श्रीमान् र आफन्तहरूलाई सो टेप सुनाइन् । उनका श्रीमान्ले ससुरोलाई समातेर पुलिसलाई बुझाउन सबैलाई भेला पारे । 'जब सोफोगाको बाबु घरमा आयो र सबैलाई आक्रोशपूर्ण मुद्रामा पायो तब उसले आनो कर्तुत छताछुल्ल भएको थाहा पायो । ऊ भाग्न खोज्यो, तर हामीले उसलाई समात्यौं र प्रहरीको जिम्मा लगाइदियौं,' नेहमातले भने ।

सोगोफाकी १४ वर्षीया बहिनीले पनि आनो बाबुले बारम्बार बलात्कार गर्न खोजेको तर असफल भएको जानकारी गराइन् । नाम उल्लेख गर्न नचाहने उनले भनिन्, 'मेरो बाबु मलाई अश्लील चलचित्र हेर्न बोलाउँथे उनी मलाई फुत्किनै नसक्ने गरी अङ्कमाल गर्दथे । म डराउँथें ।'

सोफोगाका अनुसार उनका बाबु एन्टिना भएको डिजिटल डिस्क ल्याएपछि बदलिएका हुन् । उनी त्यसमा सयौं टेलिभिजन च्यानलहरू हेर्ने गर्दथे । उनी साँझदेखि मध्यरातसम्म अश्लील चलचित्रहरू हेरिरहन्थे । त्यसले गर्दा उनको व्यवहार बदलियो, उनले भनिन् ।

बाल्ख प्रान्तस्थित महिला अधिकार संस्था र प्रशासनलाई उनले बुझाएको उजुरीपत्रमा सोगोफाले भनेकी छन्, यदि उनका बाबुलाई झुण्ड्याउने वा आजीवन कारावास हाल्ने काम गरिएन भने उनी आत्महत्या गर्नेछिन् । 'म फेरि मेरा बाबुको मुख हेर्न चाहन्नँ । म विनम्रताका साथ अदालतलाई मेरा बाबुमाथि सजाय गरिदिन अनुरोध गर्दछु । मैले उनलाई देखेँभने उनले ममाथि गरेको व्यवहार चलचित्रजस्तो मेरो दिमागमा दोहोरिन आइपुग्छ ।

बाल्ख महिला विभागका प्रमुख मलालाई उस्मानी भन्छिन्, सोगोफालाई न्याय दिन र समाजमा हुने यस्ता अपराध निर्मूल गर्न चौबीसै घण्टा काम गरिरहेका छन् । दोषीहरू अवश्य उम्किन पाउने छैनन् ।

'उसलाई त ढुङ्गाले हानीहानी मार्नुपर्दछ,' एक अर्का मुल्लाह नेता तथा विद्वान वारिअजि जोल्लाहले भने, सोगोफाका बाबुले जुन कार्य गरे त्यो 'लज्जाजनक र काँतर व्यक्तिको निकृष्ट उदाहरण' हो । उनले आईपीएसलाई भने- मैले पहिला पनि बलात्कृत केटीहरूको विवरण सुनेको छु तर सोगोफाको जस्तो आनै बाबुबाट बलात्कृत हुनुपरेको हृदयविदारक घटना सुनेको थिइनँ ।

# मिर्गौला तस्करी रोक्न इच्छाशक्तिको अभाव

– प्रफुल विद्वाई

नयाँ दिल्ली (**आई.पी.एस्./एन्.पी.आई.**) – भारतका मिर्गौला तस्कर अमितकुमार उर्फ सन्तोष रावतको गिरतारीले अर्बौं डलरको कारोबारसहित कैयौं देशमा फैलिएको तथा भाँगिएको मानव अङ्ग तस्करीको अवस्थालाई प्रकाशमा ल्याएको छ ।

२४ जनवरीमा नयाँ दिल्लीस्थित नगरको बाहिरी भागमा रहेको उनको क्लिनिकमा प्रहरीले छापा मारी सहयोगीहरूलाई पक्राउ गरेयता कानुनको आँखाबाट फरार रहेका कुमारलाई नेपालको एक रिसोर्टबाट गिरतार गरिएको हो । उनी करिब ६ सय मिर्गौलाको अवैध प्रत्यारोपणमा संलग्न रहेको ठानिएको छ ।

मिर्गौला प्रत्यारोपणको विश्वव्यापी अवैध व्यापार उत्तर-दक्षिण असमानता र तेस्रो विश्वका गरिबभन्दा पनि गरिब व्यक्तिबाट अङ्ग चोर्ने असंगत अभ्यासको निन्दनीय प्रदर्शन हो ।

भारत अवैध अन्तर्राष्ट्रिय बजारका लागि मानव अङ्ग आपूर्ति गर्ने प्रमुख स्रोत हो । दातालाई एउटा मिर्गौला कम्तीमा एक हजारदेखि दुई हजार अमेरिकी डलरसम्ममा बिक्री गर्न राजी गराइन्छ ।

यो बजार सघन सीमापार कारोबारको ग्राह्यतापूर्ण तारतम्य र मूल्यले गर्दा आफैं विकसित भइरहेको छ ।

यसकारण दक्षिण एसियाली मुलुक, फिलिपिन्स र उप-सहारा अफ्रिकाका मिर्गौलाहरू एक हजारदेखि दुई हजार डलरसम्ममा बिक्री हुने अङ्ग प्रत्यारोपणमा संलग्न चिकित्सक बताउँछन्, यद्यपि उनीहरू आनो नाम सार्वजनिक गर्न चाहँदैनन् ।

'रोमानियाली मिर्गौलाको ३ हजार डलर पर्छ' उनी भन्छन्, 'टर्कीको लाई १० हजारभन्दा माथि तिर्नुपर्छ । मेक्सिको, ब्राजिल र दक्षिण अफ्रिकाको पनि यही बीचमा पर्छ । यो आधार मूल्य मध्यस्तकर्ताले तोक्ने गर्छन् भने संकोच नमान्ने डाक्टरले लगाउने चर्को शुल्कले खर्च अझै बढ्न पुग्छ ।'

सूत्र थप्छ 'मिर्गौला प्राप्त गर्नेले ३५ हजारदेखि एक लाख २५ हजार डलरसम्म तिर्नुपर्छ जसमा अस्पतालमा बस्दा हुने खर्च र अपरेशन शुल्कसमेत समावेश भएको हुन्छ ।'

मानव अङ्गको व्यापारले स्वास्थ्य नियमन निकाय, सरकार, जनसाधारण र चिकित्सा पेसाकर्मीमा गम्भीर नैतिक र व्यवहारिक चुनौती खडा गरेको छ ।

तर, यसले अनुसन्धानात्मक र भ्रममा बाँचेका निकायलाई अनुसन्धानको उन्नत विधि पहिल्याउन तथा विपन्नताको ढाडमा टेकेर नाफा खानेलाई कानुनको कठघरामा उभ्याउने ढोका पनि खोलेको छ ।

कुमारले भारतको राजधानी सहरमा छरिएका आना विभिन्न क्लिनिकमार्फत सन् १९९४ देखि यो कहालीलाग्दो व्यापार गर्दै आएका हुन् । यसअघि उनी केन्द्रिय भारतको नागपुर सहर तथा मुम्बई महानगरको पश्चिमी भागमा केन्द्रित थिए ।

प्रहरीका अनुसार अर्बपति कुमार सर्जन होइनन्, न त उनले मूलधारको आधुनिक चिकित्साविज्ञान अध्ययन नै गरेका छन् । उनले परम्परागत आयुर्वेद चिकित्सा पद्तीको डिग्री लिएका छन् ।

उनको कारोबार दिल्लीभित्र र वरपर सञ्चालित ठूला आकारका तीनवटा अस्पताल, पाँचवटा निदान केन्द्र र १० वटा प्रयोगशालामार्फत हुने गरेको छ । यसबाहेक उनी ५० भन्दा बढी डाक्टर, नर्स, आपराधिक साझेदार, सुराकी, दलाल जो सम्भावित दातालाई रोजगारीको आकर्षण देखाएर पट्याउँछन् र ठगहरू जसले दातालाई आनो अङ्ग दिन बाध्य पार्छन्, को सञ्जालमा निर्भर छन् ।

मिर्गौलादाताहरू खासगरी ज्यादै गरिब, उत्तरप्रदेश, बिहार जस्ता पिछडिएका राज्यका बेरोजगार मानिस हुने गर्दछन्, जो भारतको नवउदारवादी आर्थिक नीतिको शिकार बनेका छन् र ऋणको गहिरो खाडलमा जाकिएका छन् ।

क्रेताचाहिँ क्यानडा, ग्रिस, टर्की लगायत विभिन्न मुलुकका नागरिक हुने गरेका छन् ।

घटनाको पर्दाफास एकजना उत्साही युवा महिला प्रहरी अधिकारीको पहलमा भएको हो । 'तर यो धन्दा प्रहरी संलग्नता बिना नै वर्षौंदेखि चलिरहन सक्यो भनेर कल्पना गर्न सकिँदैन' प्रहरीका पूर्व वरिष्ठ अधिकारी तथा विद्वान केएस सुब्रहमनियम भन्छन् ।

प्रमाणहरूले के देखाउँछन् भने कुमार गत महिना पक्राउ पर्नबाट जोगिए, किनकी उनलाई प्रहरीले नै सतर्क गराएको थियो । कुमारका एकजना चालकका अनुसार उनी केही वर्षअघि एकजना सहयोगी सर्जनसहित दिल्लीबाट पक्राउ परेका थिए तर, पछि १८ लाख (४५ हजार डलर) घूस दिएर फुत्किए ।

तुलनात्मक रूपमा धनी चेन्नईलगायत धेरै भारतीय सहरहरूमा फस्टाएको कुमारको मिर्गौला व्यापारले सीमाङ्कन गरेको कुरा के पनि हो भने दाताविरुद्ध बाहुबलको प्रयोग समेत हुने गर्दछ । खासगरी, चर्को आर्थिक कठिनाइले मानिसहरूलाई आनो अङ्ग नै बिक्री गर्न बाध्य पारेको छ ।

तर, कुमारका ठगहरूले बिपन्न मानिसलाई अपहरण गरेर, बेहोस पार्ने औषधि दिएर वा कुटपीट गरेर आनो मिर्गौला हटाउन राजी गर्थे ।

'यो उपद्रवी आपराधिक अवस्थाले कानुन कार्यान्वयन गर्ने प्रहरीको असफलताको गम्भीरतालाई मात्र दर्शाउँछ' सुब्रहमनियमले भने ।

खुल्ला भ्रष्टाचारबाहेक मिर्गौला प्रकरणले चिकित्सा संहिताको सवालमा भारतीय नियमन प्रणालीको निष्क्रिय अवस्थालाई पनि औंल्याउँछ । त्यसकारण नै कुमारले दर्ता नगरिकनै विभिन्न सहरमा आना अस्पताल र क्लिनिक सञ्चालन गर्न सकेका हुन् ।

'हालसालै पारित केही कानुनले केही राज्यमा त्यस्ता उपचार केन्द्र दर्ता गर्ने अनुमति दिएको छ' नयाँ दिल्लीस्थित इन्द्रप्रस्थ एपोलो अस्पतालका पेट तथा कलेजो प्रत्यारोपण विशेषज्ञ शुभाष गुप्ता भन्छन् 'तर, यहाँ थोरै निरीक्षकहरू छन् र सम्बन्धित निकायहरूले कानुनी व्यवस्था कार्यान्वयन गराउनेतर्फ ध्यान दिँदैनन् ।'

इन्डियन मेडिकल काउन्सिल जस्ता आफैंले नियमन गर्ने व्यवसायिक संस्थाहरू मूलधार को चिकित्सा विज्ञान अध्ययन गरेका वा प्रशिक्षण लिएका चिकित्सकको दर्तामा मात्रै चासो राख्छन् ।

अनुमानित एक तिहाई वा त्योभन्दा पनि धेरै आनै शैलीका भारतीय चिकित्सा व्यवसायी वा उपचारकहरू आयुर्वेद, युनानी तथा होमियोप्याथी जस्ता चिकित्सा विज्ञानका अन्य पद्दतीका छन् ।

पिपल्स हेल्थ मुभमेन्ट एण्ड मेडिको फ्रेन्डस् सर्कल जस्ता स्वयंसेवी संस्थाहरूले प्रामाणिक चिकित्सकीय अभ्यास निर्देशिकाको अभाव रहेको गुनासो लामो समयदेखि गरिरहेका छन् ।

फेरि पनि भारतको राज्यस्तरीय खाद्य तथा औषधि प्रशासन ज्यादै कमजोर, साधन बहीन र कर्मचारी बिहीन छन् । यिनीहरूले नगन्य अनुपातमा औषधि कारखाना वा उत्पादकहरूको गुणस्तरको मात्रै निरीक्षण गर्दछन् ।

बस्तुत: आफूलाई डाक्टर भन्ने व्यक्तिले औषधि सिफारिस गर्न सक्छ र औषधि पसलेले उनीहरूलाई बिक्री गर्छ भन्नेमा मुनासिब ढंगले विश्वास्त रहन सकिन्छ । योग्य चिकित्साकर्मीको सिफारिसमा मात्रै बिक्री हुने औषधिमा पनि यो नियम उत्तिकै सत्य छ ।

सन् १९९४ मा भारतमा मानव अङ्ग प्रत्यारोपण ऐन (टिएचओए) लागू गरियो, जसले मानव अङ्ग बेचबिखनलाई गैरकानुनी बनाउँदै चिकित्सकीय रूपमा मृत व्यक्तिको अङ्ग प्रत्यारोपणलाई सहज बनाएको छ । तर, यो ऐन अवैध प्रत्यारोपणको धन्दा स्थापित भइसकेपछि मात्रै कार्यान्वयनमा आएको हो ।

उक्त ऐनले ज्यादै नजिकका आफन्तबाट सरकारी अनुमति बिना नै अङ्गदान लिन अनुमति दिन्छ । तर, अङ्गदान गर्न चाहने अरु सबै आफन्त र अपरिचितले विशेषज्ञ अख्तियार समितिबाट सफाइपत्र लिनुपर्छ ।

व्यवहारमा सम्भावित गैरकानुनी प्रत्यारोपण हुनुअघि त्यस्तो समितिहरू बिरलै गठन भएका छन् । टिएचओएमा पनि ठूलो छिद्र छ । दाताले प्राप्त गर्ने व्यक्तिप्रति स्नेह वा अनुराग अनुभूत गरेको खण्डमा पनि पूर्वअनुमति लिएर अङ्गदान गर्न यो ऐनले छुट दिएको छ । यो ज्यादै अस्पष्ट भएकोले पैसालाई नै सर्वश्व ठान्नेहरूबाट यसको उल्लंघन हुने सम्भावना छ ।

भारतमा पनि तेस्रो विश्वका अन्य मुलुकमा जस्तै दाताको अनुमति जबरजस्ती वा ज्यादै शोषणमुलक वा असमान सर्तका आधारमा लिइन्छ । यसलाई स्वतन्त्र वा सुसूचित भन्न कदापी सकिँदैन ।

दाताहरूलाई प्रायजसो चाँडैनै अस्पतालबाट डिस्चार्ज गरिन्छ । उनीहरूलाई अङ्ग झिक्ने सल्यक्रियाको जोखिमबारे पनि केही जानकारी दिइँदैन । न उनीहरूका लागि फलोअप उपचारको व्यवस्था हुन्छ, न बाँकी रहेको मिर्गौलाले काम गर्न छाडेको छ, छैन भन्ने कुराको अनुगमन गर्ने प्रयास नै गरिन्छ । अधिकांश दाताहरू बिरामी भएर मर्छन् र बाँकी झन् धेरै कंगाल हुन्छन् ।

अङ्ग व्यापारको धन्दामा चिकित्सा पेसाकर्मीको संलग्नताले जीवनप्रति भारतीय उच्च वर्गको अनादर र हरेक सभ्य समाजमा आधारभूत मानिने अनतिक्रमणीय सिद्धान्तलाई धोखा दिएको छ ।

यो दृष्टिकोणले अन्नपानीको सरिरका जनताको महत्वपूर्ण तर पुन: नपलाउने अङ्ग चोर्न उनीहरूमाथि नै आक्रमण भइरहेको तथ्यको पुष्टि गर्दछ । यसले जोखिममा रहेका जनताको शरिरको मूल्यलाई ज्यादै कम आँक्नुका साथै उनीहरूको रक्तपिपासुपन (क्यानाबलिज्म) लाई स्वीकार गर्दछ ।

भारतीय चिकित्सा पेसा लामो समयदेखि नै दुई करोड ७० लाख महिलालाई धर्ती टेक्न नदिनुका साथै जनसंख्यामा लैंगिक अनुपात घटाउने स्त्री भ्रुणहत्या जस्ता सबैखाले कुउपचार (मालप्राक्टिस) मा लागिरहेको छ । तर हालसम्ममा लिङ्ग चयनको घटनामा चिकित्सकविरुद्ध ६६ वटा केस मात्र दर्ता भएका छन् ।

'अझै पनि गोप्य रूपमा हुने अङ्ग प्रत्यारोपणको पहिचान र त्यसलाई सून्यमा झार्ने स्पष्ट बाटो छ' डा. गुप्ता भन्छन् 'सबै अङ्ग प्राप्तकर्तालाई प्रतिरक्षा प्रणालीलाई बसमा राख्ने (इम्मुनो-सप्रेसेन्ट) औषधि दिइन्छ, ती औषधिहरू नोभार्टिस, रोचे र पेनाका जस्ता मुठ्ठीभर कम्पनीले मात्रै उत्पादन गर्दछन् । उनीहरूलाई ती औषधि कुन अस्पताल/क्लिनिकले किन्छन् भन्ने कुरा थाहा छ ।'

'यदि भारत सरकार र प्रहरीले इच्छाशक्ति एकीकृत गर्छन् भने उनीहरूले सजिलै पत्ता लगाउन, अनुगमन गर्न र अपराध केन्द्रमा छापा मार्न सक्छन्' एकजना भरपर्दा चिकित्सकले बताए ।

# अलपत्र कामदारबाट सार्वजनिक भयो चिनिया अर्थतन्त्रको रहस्य

– आन्टोनेटा बेज्लोभा

बेइजिङ (आई.पी.एस्./एन्.पी.आई.) - जनवरीको अन्तिम साता लाखौं आप्रवासी कामदार हिमपातका कारण बीच बाटोमै अलपत्र परेको बेला चिनियाँ अर्थतन्त्रको चामत्कारिक सफलता आप्रवासी कामदारमा निर्भर रहेको तथ्य नाटकीय रूपमा प्रदर्शित भयो ।

चिनियाँ नेताहरूले सेना गुहार्दै र भिडभाडयुक्त रेल्वे स्टेशनमा आफैं उपस्थित भएर- जुन यहाँ बिरलै देखिने घटना हो, राष्ट्रिय सङ्कट हटाउन प्रयास गर्दा चीनको उत्पादन साम्राज्य धान्ने लाखौं कामदार ज्यादै महत्वपूर्ण तथा फेब्रुअरीको पहिलो साता सुरु हुने वार्षिक पारिवारिक पुनर्मिलनको लागि घर पुग्न सकेनन् ।

जनवरीको सुरुतिरै हुन थालेको हिमपातले कोइलाले चल्ने रेल्वे र राजमार्गलाई तहसनहस पार्नुका साथै निरन्तरको बरफ-वर्षाले विद्युत लाइनलाई समेत छिन्नभिन्न तुल्याएको थियो । परिणामस्वरूप १७ वटा प्रान्त अन्धकार मा डुबे । त्यतिखेर चीसो मौसम र उर्जा अभावको सामना गरिरहेको तथा यसअघि नै क्षमताभन्दा बढी भार बहन गरिरेको रेल्वे प्रणाली घर फर्कने कामदारलाई सघाउन सफल भैरहेको थिएन ।

रेल्वे अधिकारीहरूले यो वर्षको विदामा अठार करोड मानिसले यात्रा गर्ने अनुमान गरेका थिए ।

७ फेब्रुअरीमा सुरु हुने चन्द्रमास नयाँ वर्ष चीनको घुमाउरो र प्रभावशाली आधुनिकतामा पनि बाँच्न सफल युगौं पुरानो परम्पराको अवशेष हो । यस अवसरमा परिवारका सदस्यहरू ठूलो टेबुल वरिपरि बसेर खाना खान्छन् भने टेलिभिजनबाट प्रसारण हुने नयाँ वर्षको रमझमपूर्ण कार्यक्रम हेरेर आनन्द लिन्छन्। साँझको प्रमुख आकर्षण भनेको जिआओजी भनिने परम्परागत चिनियाँ मोमोको तयारी, पटाकाको आनन्द तथा मध्यरातमा आतिसवाजी हेर्नु हो ।

चिनियाँ आप्रवासी कामदारलाई घर फर्कने र परिवारका सदस्यहरूसँगै रमाउने मौका चन्द्रमासको अवसरमा मात्रै मिल्छ । सरकारी विदा एक हप्ता भए पनि परम्परागत पर्व १५ दिनसम्म मनाइन्छ । अन्तिम दिन लाल्टिन बालेर सुन्दर परेड प्रस्तुत गरिने ‘लाल्टिन उत्सव’ सँगै चन्द्रमास उत्सवको अन्त्य हुन्छ ।

घरदेखि धेरै टाढा रहेका अधिकांश कामदारहरू कम्तीमा पनि दुई साताका लागि घर फर्कन्छन्, यसक्रममा उनीहरूले तीनदेखि चार दिन रेल र लामो दूरीका बस यात्रा तय गर्नुपर्छ ।

बेइजिङमा ११ वर्षदेखि कार्यरत साओ गोङ आनो गृहनगर जिआङ्ग्सु प्रान्तसम्मको वार्षिक बिदायात्रा निर्माण उद्योगमा कार्यरत मजदुरको लागि एकमात्र अपरिवर्तनीय कुरा हो भन्छन्। ‘म वर्षभरि धेरै भवन निर्माण क्षेत्रमा काम गर्छु, यसक्रममा अनिगिन्ती ठाउँमा पुग्नुपर्छ। मलाई थाहा छ,

तैपनि म चन्द्रमास पर्व घरमा सबै मेरा आफन्तहरूसँग मनाउँछु ।'

साओले बेइजिङको निर्माण क्षेत्रमा काम गर्न जान घर छाड्दा उनका छोरा निउ निउ तीन वर्षका थिए । 'अहिले ऊ १४ वर्षको भयो' उनी भन्छन् 'मैले उसलाई वर्षमा केही साताको लागि मात्रै भेट्ने मौका पाउँछु तर पनि म उसलाई स्कुल हाल्न सक्षम छु ।' उनले निउ निउ र उनकी आमालाई बेइजिङ घुमाउने खर्च पनि पु¥याएका छन् ।

बजार सुधारको पछिल्लो ३० वर्षमा करिब दुई करोड प्रवासी कामदारले चीनको पूर्वी र दक्षिणी तटीय क्षेत्रमा अवस्थित निर्यात प्रशोधन केन्द्र, साना आकारका असंख्य कोइला खानी तथा नयाँ सहरका निर्माण क्षेत्रमा रोजगारी पाउनका लागि घर छाडेका छन् ।

धेरै टाढाको ठाउँमा थोरै ज्यालामा लामो समयसम्म काम गर्ने प्रवासी कामदारले चीनको आर्थिक उन्नतिमा ठूलो योगदान दिएका छन् । चीनलाई विश्व बन्दरगाहमा रूपान्तरण गरेको पर्ल नदी मुहानको निर्यात प्रशोधन उद्योगमा काम गर्ने सालाखाला एक तिहाई मजदुर युवती, जसको उमेर २८ वर्षभन्दा कम छ, ले मासिक ८०० युआन (११२ डलर) तलबमा काम गर्छन् ।

विश्वभरको कुल टेक्सटाइल व्यापारमा ६० प्रतिशत हिस्सा ओगटेको चीनले खेलौना व्यापारमा समेत ७० प्रतिशत स्थान ओगटेको छ । चिनियाँ अधिकारीहरू आनो देश सन् २००८ मा जर्मनीलाई उछिन्दै विश्वको दोस्रो ठूलो व्यापारिक मुलुक बन्ने भविष्यवाणी गर्छन् । सन् २००६ भित्रैमा, बढ्दो व्यापार घाटा चालू राख्दै चीन संसारको सबैभन्दा ठूलो विदेशी बिनिमय--हाल १ दशमलव ४ खर्ब डलर--सञ्चयकर्ता बन्न सक्यो ।

चन्द्रमास बिदामा घर फर्कन नसकेर अलपत्र परेका चीनको निर्यात प्रशोधन उद्योगमा एकजुट भएर काम गर्ने लाखौं तन्नेरी नभएको भए यो सब सम्भव थिएन ।

सप्ताहान्तसम्ममा तीन लाख मानिसहरू चीनको दक्षिणी उत्पादन केन्द्र गुआङझोउमा अलपत्र परे । चार लाख ५० हजारभन्दा बढीले प्रयोग नभएको आनो रेलको टिकट बुझाएर पैसा फिर्ता मागेको बताइएको छ ।

संकटको बढ्दो राजनीतिक आयामलाई स्वीकार्दै चीनका प्रधानमन्त्री वेन जिआवाओ डिसेम्बरको अन्तिम साता रेल कुरिरहेका लाखौं प्रवासी कामदारलाई सम्बोधन गर्न गुआङझोउ पुगे । उनले कठिनतासँग जुधिरहेका कामदारसँग क्षमायाचना गर्दै उनीहरूलाई उर्जा आपूर्ति पुन: सुरु भएर बाटोको अवरोध हट्नासाथ घर पु¥याउने वाचा पनि गरे ।

चिनियाँ टेलिभिजनले राष्ट्रपति हु जिन्ताओले खानी कामदारलाई पोसाक र सुरक्षा हेल्मेट प्रदान गर्नुका साथै साङ्जी प्रान्तस्थित चार सय मिटर गहिरो खानीमा आफैं गएर जीर्ण अवस्थामा रहेको कोइला आपूर्तिको निरीक्षण गरेको फुटेज देखाए ।

चिनियाँ नेताहरूले ठूलो संख्याका प्रवासी कामदारको अवस्था कमजोर हुँदा र उनीहरूलाई बेवास्ता गरिँदा उत्पन्न हुनसक्ने सामाजिक द्वन्द्वको सम्भावनालाई हेक्का राखेका छन् । औद्योगिक दुर्घटनाको सन्दर्भमा चीन अग्रपंक्तिमा रहेको अवस्थामा श्रम विज्ञहरू ९० प्रतिशतभन्दा बढी पेशागत चोटपटक प्रवासी कामदारलाई लाग्ने गरेको बताउँछन् ।

पर्ल नदी मुहानस्थित निर्यात प्रशोधन उद्योगमा कारखाना मालिकले चोटपटक लागेका कामदारलाई क्षतिपूर्ति नदिने मात्र होइन चोट लागेर काममा जान नसकेको बेला उनीहरूको दैनिक ज्याला समेत काट्ने गर्दछन् । श्रम विज्ञ सु हाइनानका अनसार २००७ मा आप्रवासी कार्यबललाई तिर्न बाँकी कुल ज्याला ४०० अर्ब युआन (५६ अर्ब डलर) थियो ।

वरफवर्षाको असर 'ऐतिहासिक रूपमै अनपेक्षित' रहेको विदेश मन्त्रालयका प्रवक्ता जिआन्चाओले बताए । चिनियाँ जलवायु विज्ञहरू देशले ५० वर्षयता यस्तो उच्छृंखल मौसमको अनुभव नगरेको बताउँछन् । ठूलो संख्याका मानिस अलपत्र पर्नुका साथै चन्द्रमास नयाँ वर्षजस्तो महत्वपूर्ण पर्वअघि प्रतिकूल अवस्था आएपछि संकट सुरु भएको हो ।

बिदा सुरु हुन केही समय बाँकी रहँदा सरकारले जनमुक्ति सेनालाई रेल्वे ट्र्याक सफाइमा सघाउन आग्रह ग¥यो । मुलुकभर दुई लाख ५० हजार सैनिक र सात लाख ७० हजार अर्धसैनिकलाई विपत्तिबाट ज्यादै प्रभावित क्षेत्रमा सहयोगको लागि खटाइएको चाइना डेलीले लेखेको छ ।

# भारतको सामुदायिक रेडियो लालफित्ताको प्रभावमा

– केया आचार्य

बैङ्गलोर (आई.पी.एस्./एन्.पी.आई.) – मुलुकको विभिन्न भागमा रहेका सामुदायिक रेडियो सञ्चालकहरू सरकारी कर्मचारीको गलत मानसिकताका कारण काममा ढिलाइ र निराशा उत्पन्न भएको गुनासो गर्दछन् । अनुमतिपत्र लिने अवस्थादेखि नै उनीहरू सताइन्छन् ।

सामुदायिक रेडियोका पक्षमा अन्य वातावरण अनुकूल रहँदारहँदै पनि सरकारको नीतिले बिभिन्न समस्या भोग्नुपरिरहेको अवस्था छ । जस्तो १९९५ मा सर्वोच्च अदालतले सामुदायिक रेडियोका पक्षमा ऐतिहासिक निर्णय गऱ्यो । वायुतरङ्ग सार्वजनिक सम्पत्ति हुने व्याख्या अदालतले नै गरेको हो । युनेस्को र युएनडिपीजस्ता राष्ट्रसंघीय निकायले धेरैवटा परामर्श बैठकको आयोजना गरी सामुदायिक रेडियोलाई सघाएको छ ।

२००६ मा भारतीय सरकारले आनो प्रसारण नियम संशोधन गर्दै शहरी तथा ग्रामीण क्षेत्रमा गैरव्यापारिक तथा समुदायमा आधारित स्वतन्त्र रेडियो स्टेशन सञ्चालन गर्न अनुमति प्रदान गऱ्यो ।

तर नयाँ नियमले सामुदायिक रेडियो स्टेशनलाई एक-आपसमा सञ्जाल चलाउन दिएन र निश्चित सीमाका लागि मात्र प्रसारण गर्न अनुमति दियो । यस्ता रेडियोलाई समाचार प्रसारण गर्न पनि दिइएन र एक घण्टामा ५ मिनेटभन्दा बढी विज्ञापन प्रसारण गर्न पनि रोक लगाइयो ।

'सय वाट क्षमता दश किलोमिटर दूरीका लागि मात्र कामलाग्छ जबकि शहरी सामुदायिक रेडियोले खास शहरलाई पनि समेट्न सक्तैन । फ्रिक्वेन्सीको अभावले यो स्थिति सिर्जना हुन्छ,' सामुदायिक रेडियो फोरम र गुजरातस्थित दृष्टि मिडिया कलेक्टिभ सञ्जाल संगठनका संस्थापक सदस्य स्टालिन केले बताए ।

शहरी एरियामा सरकारले सामुदायिक रेडियोका लागि प्रदान गरेका फ्रिक्वेन्सी अन्य व्यापारिक एफएम रेडियो, तारविहीन फोन, मोबाइल फोनको फ्रिक्वेन्सीका कारण छोटो फ्रिक्वेन्सीमा चल्न वाध्य छ ।

'थाइल्याण्ड, अमेरिकाजस्ता मुलुकहरूमा सामुदायिक रेडियोका लागि विशेष फ्रिक्वेन्सी खण्ड छुट्याइएको छ जसले गर्दा त्यहाँ सामुदायिक रेडियोको प्रभाव बलियो देखिन्छ,' स्टालिनले भने ।

सामुदायिक रेडियोको विश्वव्यापी संगठन (अमार्क) का एशिया प्यासिफिक अध्यक्ष स्टेभ वक्लीले अष्ट्रेलियाले समुदायमा आधारित रेडियोको प्रभावकारी तथा जीवन्त परम्परा कायम राखेको खुलासा गरेका छन् । इण्डोनेसियामा भने रेडियो प्रसारणमाथि राजनीतिक दबाब रहेको उनी बताउँछन् । फिलिपिन्समा पनि सामुदायिक रेडियो निकै बलियो छ । तर त्यहाँ कानुनी अड्चन पनि त्यतिकै छ, वक्लीले भने ।

भारतमा सामुदायिक रेडियो फोरम जो सामुदायिक रेडियोको गैरसरकारी संस्था सञ्जाल हो । भारतमा स्वतन्त्र प्रसारण निगमले लागू गरेको प्रसार भारती ऐन १९९० भए तापनि यसलाई राज्य सरकारले बेवास्ता गरेको छ । केही वर्षयता आएर रेडियो प्रसारकहरूले भारत सरकारलाई रेडियो तरङ्गका लागि आकाश खुला गरिदिन दबाब दिँदै आएका छन् ।

२००८ मा ४ हजार सामुदायिक रेडियो स्टेशनहरूलाई अनुमति दिने सरकारको नीति देखिए तापनि यो पक्ति लेख्दासम्म कुनै सञ्चालकले पनि सञ्चालन अनुमति पत्र पाएको छैन । सात सामुदायिक रेडियो स्टेशनलाई सरकारले सञ्चालनका लागि 'सम्मतिपत्र' प्रदान गरिसकेको छ । तर अन्तिम अनुमति अझै प्राप्त हुनसकेको छैन ।

'सरकार पनि ठीक तपाईंजस्तै हो । तपाई जीवनमा पहिलो पटक सामुदायिक रेडियो सञ्चालनको प्रमाणपत्रलिदै हुनुहुन्छ र सरकार पहिला पल्ट दिदैछ,' यसैवर्ष बैङ्गलोरमा आयोजित सामुदायिक रेडियो फोरमको वार्षिक सम्मेलनमा सरकारका प्रसारण सल्लाहकार साजन भेन्नियुरले प्रष्ट पारे ।

'रेडियो प्रसारण अनुमतिपत्र प्रदान गर्ने कार्यमा चार मन्त्रालय सम्बन्धित हुन पुग्छन् । चार मन्त्रालयको संयुक्त संयन्त्र खडा हुन अझै सकेको छैन,' भेन्नियुरले भने ।

नयाँ दिल्लीस्थित युनेस्को एशियाका सञ्चार तथा सूचना सल्लाहकार जोशिलिन जोशियाह सरकारको असजिलोप्रति गम्भीर ध्यानाकर्षण भएको जानकारी गराउँदै भन्छिन्, 'भारतजस्तो यति ठूलो देशमा जहाँ धेरै भाषा र जनजाति छन्, मा सरकारले शान्ति, सुरक्षाको दृष्टिकोणले गम्भीर भएर सोच्नु स्वाभाविकै हो' ।

युनेस्कोले साँस्कृतिक अन्तरक्रियाको माध्यमका रूपमा समुदायमा आधारित रेडियोले महत्वपूर्ण भूमिका खेल्ने कुरा सक्रियताका साथ जानकारी गराउँदै आएको छ । कसरी सामुदायिक रेडियो स्थापना गर्ने भन्ने विषयमा लेखक एन रामकृष्णनले तयार पारेको प्राविधिक निर्देशिका २००८ मा युनिस्कोले प्रकाशित गऱ्यो । युनेस्को नयाँ दिल्ली वेब साइटका अनुसार २००८ मा सरकार ४ हजार सामुदायिक रेडियो सञ्चालन अनुमतिपत्र दिने मानसिकताका साथ काम गरिरहेको छ ।

भारतमा सबैभन्दा पहिला खुलेको सामुदायिक रेडियो नाममा ध्वनि (हाम्रो आवाज) हो । २००० मा ग्रामीण क्षेत्रमा सञ्चालित प्रतिष्ठित गैसस निरादाको सहयोगमा मिडिया एञ्जियोले सञ्चालन गरेको हो । यसको सञ्चालनमा युनेस्कोले प्रायोजकका रूपमा सघाउ पुऱ्याएको थियो । बैङ्गलोरबाट ५० किलोमिटर टाढा कोलार जिल्लास्थित बुढीकोटमा समुदायले स्वतन्त्र ढङ्गले यस रेडियोको सञ्चालन गर्दै आएका छन् । नाममा ध्वनिले टेलिभिजनको तारबाट रेकर्ड गरिएका कार्यक्रमहरू लाउडस्पिकर, टेलिभिजन अथवा कम्प्युटरका माध्यमद्वारा उपलब्ध साधन स्रोत र अवस्था अनुसार प्रसारण गर्दछ ।

रेडियो स्टेशनले तालिम सेवा र समुदायका लागि आवश्यक कार्यक्रम बनाइदिए वापत शुल्क उठाएर आनो खर्च चलाउँछ । यसले स्थानीय प्रशासनिक निर्वाचन विवरण प्रसार गरेर कानुनी सल्लाह उपलब्ध गराएर र बैकिङ्ग तालिमका विषयमा कार्यक्रम प्रशारण गरेर सम्बन्धित निकायबाट शुल्क उठाउँछ ।

'रेडियोको माध्यमद्वारा सामग्री प्रसारण गर्न सरकारले कहिले अनुमति देला भनेर हामी प्रतीक्षारत छौं,' भ्वाइसेसका निर्देशक आशिष सेनले भने-त्यसका लागि हाम्रो प्राविधिक तत्परता ठीकठाक रहेको छ । अनुमति पाउनासाथ हामी आनो काम थालिहाल्छौं ।

NEPAL PRESS INSTITUTE
NPI
२०४१ 1984
नेपाल प्रेस इन्स्टिच्यूट

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :


npiktm@wlink.com.np